# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहबी, सुनसरी
प्रदेश नं. १, नेपाल

प. सं. : ०७६/०७७

मिति : २०७७/०४/२१

## सूचना          सूचना          सूचना

मिति २०७७/०४/२१ गते बुधबारका दिन सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री फनिन्द्र मणि पोखरेलको अध्यक्षतामा बसेको जिल्ला **Covod-19 Crisis Management Center** सुनसरीको बैठकको निर्णय अनुसार यस सुनसरी जिल्ला दुहबी, इटहरी , बराहक्षेत्र, इनरुवा जस्ता स्थानीय तहका बजार क्षेत्रमा कोरोना संकमण बढेको देखिएकोले मानिसको आवतजावत नियन्त्रण गर्न मिति २०७७/०४/२१ गते राती १२:०० बजे देखि ऐ. २६ गते राती १२:०० बजे सम्म संक्रामक रोग ऐन २०२० बमोजिम जिल्लाभर मानिसको आवागमन नियन्त्रण गर्न निषेधित क्षेत्र घोषणा गरिएको हुदा देहाय बमोजिम गर्न गराउनु हुन सबैमा जानकारीका लागि सूचित गरिन्छ।

१. अत्यावश्यक सेवाका सवारी साधन, ढुवानी साधन तथा निर्माण सामाग्री बोकेका सवारी साधन बाहेक सबै प्रकारका सावरी साधन (बस, सिटि, ट्रक, कार, जिप, टेम्पो, म्याजिक, माइक्रो) हरुको आवागमन बन्द गर्ने ।

२. सरकारी तथा सार्वजनिक संस्थाका कर्मचारी तथा अत्यावश्यक सेवाका कर्मचारीले आफ्नो कार्यालयको समय वा कार्यालयको समय अधि र पछि हिडडु गर्न पाउनेछन् ।

३. औद्योगिक क्षेत्रको हकमा सम्बन्धित उद्योग प्रतिष्ठानहरुले स्वास्थ्य प्रोटोकल पालना गरी उद्योग सञ्चालन गर्न पाउने छन् र त्यस्ता उद्योगमा प्रयोग हुने कच्चा पदार्थ ल्याउन र उद्योगबाट उत्पादित सामान बजारमा लैजान कनै वाधा पर्ने छैन ।

उल्लेखित ब्यवस्था उल्लघंन गरेमा संक्रामक रोग ऐन,२०२० तथा प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

बिन्देश्वर प्रसाद महतो
जन स्वास्थ्य अधिकृत (सातौं तह)